
नेपाल सरकार
राहदानी विभाग तथा वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड

"सकेसम्म स्वदेशमा रोजगारी गरौं, वैदेशिक रोजगारीमा जाने नै भए सही सूचना लिएर र सीप सिकेर मात्र जाऔं ।"

# वैदेशिक रोजगार सम्बन्धी जानकारीमूलक
# हाते पुस्तिका





नेपाल सरकार
परराष्ट्र मन्त्रालय, राहदानी विभाग
**वैदेशिक रोजगार सूचना केन्द्र**
नारायणहिटी, काठमाडौं

SaMi
Safer Migration Project
**सुरक्षित आप्रवासन परियोजना (सामी),**
(स्वीस सरकारको सहयोगमा सञ्चालित)

## काम गर्नका लागि विदेश जाने व्यक्तिले जान्नैपर्ने केही महत्वपूर्ण कुराहरू

### श्रम स्वीकृति (श्रम जर्नो)

- आफ्नै नातागोता मार्फत ब्यक्तिगत तरिकाले वा म्यानपावर कम्पनी मार्फत संस्थागत तरिकाले विदेशमा काम गर्न जानका लागि वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिनै पर्छ । नत्र तपाई समस्यामा पर्दा आर्थिकका साथै अरू सहयोग पाउन गाह्रो हुनेछ ।



विषय : LT# :61091 को श्रम स्वीकृति ।

चलानी नं. : 27350

LT# : 61091

Date: 2013-06-06 11:58:41

श्री TIN JURE EMPLOYMENT SERVICES PVT. LTD.


... Oman देशको Modern Global Projects ... Lt# 61091 मिति 2013-03-13 मा 170 ... 2070-01-15 ... 7 जना नेपाली ... मिति 2070-02-22 को निर्णयानुसार श्रम स्वीकृति प्रदान गरिएको व्यहोरा अनुरोध छ ।

| S. no. | Name | DOB | Gender | Passport No. | Skill | Salary | Sticker No. |
|---|---|---|---|---|---|---|---|
| 1 | ANIL KUMAR CHAURASIA | 21/08/1984 | Male | 06396971 | House Keeping Staff | OR (Oman Riyal) 90 | 002177582 |
| 2 | SHAURAV BAHADUR SHAH | 23/08/1991 | Male | 06048329 | House Keeping Staff | OR (Oman Riyal) 90 | 002177583 |
| 3 | NAWARAJ NHUPANE | 27/10/1991 | Male | 05697577 | House Keeping Staff | OR (Oman Riyal) 90 | 002172584 |
| 4 | PURNA RAI | 28/01/1986 | Male | 06271090 | House Keeping Staff | OR (Oman Riyal) 90 | [illegible] |
| 5 | SURAJ GURUNG | 29/10/1989 | Male | 05705712 | Kitchen Steward | OR (Oman Riyal) 90 | 002185730 |
| 6 | TEK BAHADUR GURUNG | 16/05/1985 | Male | 3138789 | Kitchen Steward | OR (Oman Riyal) 90 | [illegible] |
| 7 | PRAKASH RAI | 16/03/1988 | Male | 4493822 | Kitchen Steward | OR (Oman Riyal) 90 | 002185732 |

- श्रम स्वीकृति लिनु तपाईंको आफ्नै र परिवारको समेत सुरक्षाको लागि एकदमै जरूरी छ ।

### भरपाई

- नेपाल सरकारवाट स्वीकृति प्राप्त म्यानपावर कम्पनी र एजेन्टलाई मात्र पासपोर्ट र पैसा दिने गरौं ।
- म्यानपावर कम्पनी वा एजेन्टलाई पासपोर्ट र पैसा दिंदा त्यसको रसिद, भरपाई वा तमसुक अनिवार्य लिनुहोस र सुरक्षित साथ राख्नुहोस ।
- ठगीमा परेमा, भनेको काम र तलब नपाएमा क्षतिपूर्ति लिन वा पासपोर्ट फिर्ता लिन रसिद, भरपाई वा तमसुकले आवश्यक प्रमाणको काम गर्छ ।



पास नं.....................

इजाजतपत्र नं.............

रसिद नं......

एभिसी म्यानपावर सप्लाई प्रा.लि.

तिनकुने, काठमाण्डौ

( छाप )

मिति.....................

श्री ..............................बाट रु..................अक्षरेपी ........................रुपैयाँ प्राप्त भयो ।

पैसाँ तिर्नेको सहि

रुपैयाँ बुझ्नेको सहि

## कागजातको सुरक्षा र फोटोकपीको व्यवस्था

- वैदेशिक रोजगारीमा जाँदा तपाईले पाउने सबै कागजपत्र (जस्तैः पासपोर्ट, भिषा, कन्ट्रयाक्ट पेपर, श्रम स्वीकृति, पैसा तिरेको भरपाई, बीमाको कागज, मेडिकल रिपोर्ट) लाई सुरक्षित राखौं । साथै सबै कागजपत्रहरूको फोटोकपी गरी केहि प्रति आफूसँग राखौं र केहि प्रति घर परिवारमा सुरक्षित संग राख्न भनौं ।




  करारको समय भन्दा अगाडीनै कुनै समस्यामा परेर (जस्तै मेडिकल फेल भएर) नेपाल फर्कनु परेमा आफ्ना कुनै पनि कागजपत्रहरू एजेन्ट वा म्यानपावर कम्पनीलाई नदिनुहोस् । कानुन अनुसार क्षतिपुर्ति लिनका लागि त्यस्ता कागजातहरू आफैसंग सुरक्षित राख्नुहोस् ।
- म्यानपावर कम्पनी वा एजेन्टले हस्ताक्षर गरेर दिएका वा छाप लगाएका कागजपत्रहरू च्यातेर फाल्नु हुँदैन । उक्त कागजहरु (जस्तैः कन्ट्रयाक्ट पेपर) जोगाएर राख्नुपर्छ, समस्या परेका बेला ती च्यातेर फाल्नु भनेका कागजहरूले बलियो प्रमाणको काम गर्छ ।
- खाडी मुलुक र मलेसियामा कामदार पुग्ने बित्तिकै कम्पनीले कामदारको पासपोर्ट लिन्छ । पछि कुनै बेला समस्या परे पासपोर्टको फोटोकपी चाहिने हुदाँ पासपोर्टको केही प्रति फोटोकपी आफूसँग अनिवार्य राख्नुहोस् ।

## नेपालकै एयरपोर्टबाट विदेश जाने



- नेपाल सरकारको नियम अनुसार काम गर्न विदेश जाँदा काठमाडौं स्थित त्रिभुवन अन्तर्राष्ट्रिय एयरपोर्टबाट मात्रै जानुपर्छ ।

भारतको बाटो भएर जाँदा ठगीमा पर्ने, अलपत्र पर्ने वा लामो समयसम्म भारतमा बस्नु पर्ने, इलिगल भएर विदेश पुग्ने जस्ता समस्या आउन सक्छन् । कामदार यदि महिला हो भने एजेन्टले बेचिदिने र अप्ठ्यारो काममा पठाउने पनि हुनसक्छ ।

- केही गरी भारतबाट जानैपर्ने भए म्यानपावर कम्पनीले वैदेशिक रोजगार विभागको स्वीकृति लिए नलिएको बुझ्नुपर्छ । वैदेशिक रोजगार विभागले स्वीकृति दिएको रहेछ भने मात्र अरू देशको एयरपोर्टबाट विदेश उड्न पाइन्छ ।

## सहयोग गर्ने संस्थाहरुबारे जानकारी लिने

- आफु जान लागेको देशमा रहेको नेपाली दूतावास, नेपालीहरूले नै खोलेका संस्था र अरू कामदारहरूलाई सहयोग गर्ने संस्थाहरूको नाम, ठेगाना र सम्पर्क फोन नम्बर लिएर जानु पर्छ । त्यस्तो सम्पर्क ठेगाना र नम्बरहरू सधैं आफ्नो साथमा राख्नुपर्छ ।

## पुन: श्रम स्वीकृति

- विदेश काम गर्न जाँदा एक पटकमा खाडी मुलुकका लागि २ वर्ष र मलेसियाका लागि ३ वर्षको कन्ट्र्याक्ट अवधि हुन्छ र तपाइले पाउने श्रम स्वीकृति पनि त्यहि समयको हुन्छ । सो कन्ट्र्याक्ट अवधीभन्दा बढी बस्नु परेमा नेपाल फर्कर फेरि श्रम स्वीकृति लिएर जानु पर्छ । तपाइ गएको देशमा भिषा र कन्ट्र्याक्टको म्याद थपेर बसे पनि नेपाल सरकारले स्वीकृत गरेको करार अवधीभन्दा बढी बसे विदेशमा दुर्घटना परेमा वा मृत्यु भएमा वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट पाइने क्षतिपूर्ति र नेपालमा गरेको बीमाको पैसा पाँइदैन ।




## सीप तालिम लिएर गएमा हुने फाइदाहरू:

विदेश कामगर्न जाने भनेको पैसा कमाउनकै लागि हो । सीप तालिम सिकेर त्यहि तालिम अनुसारको कामका लागि विदेश गएमा बढि तलब पाउने सम्भावना हुन्छ । त्यसैले तपाई विदेश जाने नै हो भने आफुलाई इच्छा लागेको वा आफुले गर्नुपर्ने कामसँग सम्बन्धित सीप हातमा लिएर मात्र जानुहोस् ।

- सीप सिकेर र नसीकी विदेश जाँदा तलब र सुविधामा अन्तर पर्छ । तपाइ जस्तै अरू देशवाट आउने महिला तथा पुरूषले त्यही काम गरे पनि हातमा सीप लिएर जाने हुँदा नेपाली कामदारहरूले भन्दा बढी तलब, सुविधा र सम्मान पाउने गरेका छन् ।
- सीप सिकेर जाँदा जाने लागत पनि कम हुनुको साथै सुरक्षित काम गर्ने अवसर पाइन्छ । सीप तालिम पछि सिधै कम्पनीसँग अन्तवार्तामा बसेर तलब तथा सुविधा माग गर्न सक्ने मौका पाइने हुँदा सीप सिकेर जाँदा ठगिने संभावना कम हुन्छ ।
- सीप विना विदेश गएमा अप्ठ्यारो र कठिन काम गर्नुपर्ने हुनसक्छ र आम्दानी पनि कम हुन्छ । त्यसैले तालिम लिँदा खर्च र समय लाग्ने भनेर टार्ने र आफूले नजानेको काम पनि जान्दछु भनेर जानु हुँदैन ।
- सीप विनाको नक्कली प्रमाण पत्र होइन सीप सहितको सक्कली प्रमाणपत्रले मात्र विदेशमा सहयोग गर्दछ । प्रमाण पत्रमा लेखे अनुसार काम गर्न नसकेमा कम्पनीले भने अनुसारको काम र तलब दिदैन ।



स्काफोल्डिङ (Scaffolding) निःशुल्क तालिम



फोटो : विशाल राना मगर

सिलाई कटाई (Sewing & Cutting) निःशुल्क तालिम

## सामी परियोजना अन्तर्गत उपलब्ध निःशुल्क सीप तालिमहरू:

स्टील फिक्सचर (Steel Fixture) सहायक, सट्रीङ कार्पेन्ट्री (Shuttering Carpentry) सहायक, स्काफोल्डिङ (Scaffolding) सहायक, प्लम्बिङ (Plumbing) सहायक, इलेक्ट्रीसीयन (Electrician) सहायक, डकर्मी (Mason) सहायक, आलुमिनियम फयाब्रीकेटर (Aluminum Fabricator) सहायक र गार्मेन्ट (महिलाहरूका लागि मात्र)

**निःशुल्क सीप तालिमको लागि सूचना केन्द्रमा सम्पर्क राखौं ।**

## अवैधानिक एजेन्ट मार्फत् वैदेशिक रोजगारीमा जाँदा हुनसक्ने जोखिमहरू :

- नेपाल सरकारले तोकेको न्यूनतम लागत भन्दा बढी वा म्यानपावर कम्पनीमा बुझाउनु पर्ने रकमभन्दा बढी रकम एजेन्टले लिन खोज्दछन् । जसले गर्दा तपाइको वैदेशिक रोजगारी महंगो पर्न जान्छ ।
- नेपालमा बताइए अनुसारको कम्पनी, काम र तलब नहुने हुन्छ । गाऱ्हो कामलाई सजिलो भन्ने र धेरै तलव र अनिवार्य ओभरटाइम हुन्छ भनेर लोभ देखाउने गरेको पाइन्छ ।

## तपाइ पनि एजेन्ट मार्फत विदेश जाने सोच्दै हुनुहुन्छ भने तलका प्रश्नहरूको चित्त बुझ्ने जवाफ र प्रमाण माग्नुस :

- के काम हो ? कति तलव छ ? सोध्नुपर्छ । सो कुरा सम्झौता पत्रमा कहाँ लेखिएको छ भनी सोध्नुपर्छ र हेर्नुपर्छ ।
- एजेन्टले कुन म्यानपावर कम्पनीमार्फत पठाउने हो ? म्यानपवारको नाम, ठेगाना र सम्पर्क नम्वर लिएर म्यानपावर कम्पनीमा गइ विदेशमा गर्नुपर्ने काम, कम्पनी, तलब तथा अन्य सुविधाको वारेमा राम्ररी सोध्नु पर्छ ।
- तपाँइले सम्पर्क गरेको एजेन्टको बारेमा टोल छिमेकले के भन्छन् ? त्यो एजेन्ट मार्फत विदेश गएका मान्छेका परिवारहरूले के भन्छन् ? बुझ्नु पर्छ ।
- कसैलाई नभन्नु नत्र बिग्रिन्छ भनेमा बढी शंका गर्नुहोस् र झन बढी सूचना र प्रमाण लिने तर्फ ध्यान दिनुहोस् ।
- एजेन्टलाई पैसा बुझाउनु भएको छ भने जसरी भएपनि भरपाई/रसिद लिनुहोस्, यदि पैसा लिएर पनि रसिद/भरपाई दिन आनाकानी गरेमा नियत सफा छैन भन्ने बुझ्नु पर्दछ ।
- आफ्नै नातेदारहरूले पठाइदिन्छु भनेको काममा पनि उनीहरूले भने अनुसारको काम, तलब र सुविधाहरु नहुन सक्छ । त्यस बारेमा पहिल्यै सचेत हुँदा राम्रो हुन्छ ।

यी कुराहरू विचार गरिसकेपछि सूचना केन्द्रमा आएर वा टेलिफोन गरेर पनि थप जानकारी, सल्लाह र परामर्श लिन सक्नु हुन्छ ।

## व्यक्तिगत श्रम स्वीकृति मार्फत विदेश जाँदा हुनसक्ने जोखिमहरू :

म्यानपावर कम्पनीको सहयोग नलिई आफ्ना नातेदारको सहयोगमा वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई व्यक्तिगत रूपमा जाने भनिन्छ । त्यसरी विदेश जाँदा के कस्तो अप्ठ्यारो पर्न सक्छ त ?

१. नेपालमा कबोल गरे अनुसारको काम, तलब तथा सुविधा नपाउने हुन सक्छ ।

२. नियम अनुसार व्यक्तिगत श्रम स्वीकृतिमा जानका लागि खाडी मुलुकमा कार्यरत एकाघरको सदस्यले पठाएको भिषा र कन्ट्र्याक्ट पेपर हुनुपर्दछ । एकाघरका सदस्य भन्नाले – बाबु, आमा, दाजु, भाइ, दिदी, बहिनी, छोरा, छोरी, श्रीमान वा श्रीमतीलाई मात्र जनाउँछ । यी बाहेकका व्यक्तिले पठाएको भिषाबाट व्यक्तिगत श्रम स्वीकृति लिन पाइँदैन ।

३. केही कारणले आफन्तले पठाएको भिषामा जाँदा भने अनुसारको कम्पनी, काम र तलब नपाएमा तपाई अप्ठेरोमा पर्नुहुन्छ । विदेशमा भएका आफन्तले पनि तपाईले चाहेजस्तो सहयोग गर्न सजिलो हुदैन । ब्यक्तिगतरूपमा विदेश जाँदा कुनै समस्या परेमा तपाई आफै जिम्मेवार हुनुपर्ने छ ।

## ३४००१ मा एस. एम. एस (SMS) गरी सूचना लिने :

विदेश काम गर्न जान श्रम स्वीकृति नभइ हुदैन । वैदेशिक रोजगार विभागबाट तपाइले श्रम स्वीकृति पाउनु भयो कि छैन भन्ने कुरा SMS पठाएर थाहा पाउन सकिन्छ । SMS मार्फत तपाइको मोवाइलमा आउने उत्तरबाट तपाईले गर्नुपर्ने काम/पद, काम गर्ने कम्पनी, जान लागेको देश, श्रम स्वीकृति पाएको मिति, पाउने तलब, लाग्ने खर्च र पठाउने म्यानपावरको बारेमा तुरून्तै थाहा पाउनु हुन्छ । साथै तपाइको श्रम स्वीकृति भएको छैन भने पनि तुरून्तै थाहा पाउनु हुन्छ ।

**जानकारी लिने तरिकाः** मोबाइलको (SMS) एस.एम.एस पठाउने ठाउँमा जाने र PP टाइप गरी एक space (स्पेस) दिइ आफ्नो पासपोर्ट नम्बर टाइप गरी ३४००१ मा पठाउने ।

**उदाहरणका लागिः** To मा ३४००१ टाइप गर्ने र मेसेज लेख्ने ठाउँमा गई PP टाईप गर्ने, एक स्पेश दिने र पासपोर्ट नं. (०५९२४३०१) टाईप गरि सेण्ड गर्ने । एस.एम.एस पठाएको केहि समयमा तपाईको मोबाइलको मेसेज बक्समा उत्तर आउनेछ ।



साथै, नेपाल सरकारले ०७२ असार २१ गते पछि बहराइन, कतार, साउदी अरव, युएइ, ओमन, कुवेत र मलेशियाबाट आउने मागमा कामदार पठाउँदा म्यानपावर कम्पनीले रू. १०,००० भन्दा बढि पैसा लिन नपाउने नियम बनाएको छ । त्यसैले यदि कुनै एजेण्ट वा म्यानपावर कम्पनीले बढि पैसा मागेमा उनिहरूसंग उक्त मागको बैदेशिक रोजगार विभागबाट दिएको पूर्व स्विकृतीको लट नम्बर माग्नुहोस् । उक्त नम्बरलाई मोवाइलको मेसेज बक्समा LT टाइप गरी एक स्पेश दिने र लट नम्बर टाइप गरी ३४००१ मा पठाउनु होस् । त्यसबाट प्राप्त हुने उत्तरमा तपाइले उक्त मागको पूर्व श्रम स्विकृती कुन मितिमा दिइएको रहेछ भनेर देख्न सक्नु हुनेछ । यदि पूर्व श्रम स्विकृतीको मिति ०७२ असार २१ गते पछिको रहेछ भने तपाइले म्यानपावर कम्पनीलाई रू. १०,००० भन्दा बढि दिनु पर्दैन ।




## विदेशमा पुगि सकेपछि ध्यान दिनु पर्ने केही कुराहरू :

- गएको देशको धर्म, संस्कृति, चालचलन, व्यवहारको सम्मान गर्नुपर्दछ ।
- विदेशमा रहँदा, घुम्न निस्कदा वा जुनसुकै अवस्थामा पनि आफ्नो परिचय खुल्ने पासपोर्ट वा परिचयपत्र (आई.डि.कार्ड) सधैं साथमा राखिरहनुपर्दछ । अन्यथा प्रहरीले कुनै पनि बेला समाउन सक्दछ र हैरानी खेप्नु पर्दछ ।
- खाडि मुलकहरूमा बाहिर काम गरेर फर्किएपछि कोठामा बस्दा वा सुत्दा धेरै चिसो बनाएर ए.सी. (A.C) चलाउनु हुँदैन । घाममा काम गर्दा पर्याप्त पानी पिउनु पर्छ, आफ्नो स्वास्थ्य र शारिरीक क्षमता भन्दा बढी ओभरटाइम गर्नु हुँदैन, यसो गर्दा दुर्घटना हुन र हर्ट अट्याकबाट बच्न मद्दत पुग्छ ।
- ट्राफिक नियमको पालना नगर्दा धेरै नेपालीहरूको सवारी दुर्घटनामा परी ज्यानै जाने गरेको छ । विशेष गरी नेपालमा जस्तो जहाँबाट मन लाग्यो त्यहिंबाट बाटो काट्नु हुँदैन । जेव्रा क्रस (ठुलो सेतो धर्काले सडकमा वारपार पोतिएको ठाँउ) भएको ठाँउबाट मात्र र ट्राफिक बत्ति भएको ठाउमा निलो रंगको बत्ति बलेपछि मात्र बाटो काट्नु पर्छ ।

- अरूको लहैलहैमा लागेर बन्द, हडताल गर्ने वा त्यस्तो काममा नेता बन्ने गर्नुहुँदैन । खाडी राष्ट्रहरू तथा मलेसियामा हडताल गैरकानूनी छ ।
- खाडी राष्ट्रहरूमा जाँड, रक्सी, खैनी, गाँजा, भांग जस्ता चिजहरू खान तथा बिक्री गर्न पाइदैन । साथै त्यस्ता चिजहरू नेपालबाट लिएर जान समेत पाइदैन । त्यस्तो चिजहरू खाएको वा लिएर गएको भेटेमा ठुलो रकमको जरिवाना र जेल सजाय हुन्छ ।
- भने अनुसारको काम र तलव पाइएन, मालिक राम्रो भएन, कुटपीट गऱ्यो भनेर आफूखुसी कम्पनी वा कामबाट भाग्ने गर्नु हुँदैन । कन्ट्रयाक्ट पेपरमा तोकिएको अवधिभर काम गर्नै पर्ने हुन्छ । कम्पनी छाडे वा कामबाट भागेमा अवैधानिक कामदार (इलिगल) भइन्छ र जसलाई एउटा अपराधकै रुपमा लिइन्छ । त्यस्तो अवस्थामा तपाइले तल उल्लेख गरिएका जस्ता अप्ठ्याराहरू पर्न सक्छन् ।
  - ❑ हस्पीटलमा उपचार गर्न, बीमाबाट क्षतिपुर्ति तथा कानुनी सहयोग नपाउने ।
  - ❑ घर फर्कने बेलामा धेरै दिन डिटेन्सन सेन्टर वा जेलमा बस्नुपर्ने ।
  - ❑ नेपाल फर्कन धेरै पैसा जरिवानाको रूपमा तिर्नुपर्ने ।
  - ❑ मृत्यु भएको खण्डमा नेपालमा लास ल्याउन गाऱ्हो हुने ।
  - ❑ परिवारले कम्पनीबाट पाउनु पर्ने क्षतिपूर्ति पाउन नसक्ने ।
  - ❑ कम्पनी मालिकले चोरेको वा भगौडाको आरोपमा प्रहरीमा उजुरी गर्ने र त्यो उजुरी फिर्ता नभए सम्म नेपाल फर्किन नसकिने ।
  - ❑ ब्ल्याक लिष्ट (कालो सुचि) मा राखिदिने र कहिल्यै खाडिका देशहरूमा जान नसकिने ।
- यदि तपाइलाई कम्पनी वा मालिकले कन्ट्रयाक्टमा लेखे अनुसार सेवा सुविधाहरू दिएन, दूर्व्यवहार गऱ्यो भने तत्काल नेपाली दूतावास वा त्यहाँको श्रम कार्यालय वा श्रम अदालतमा गई उजुरी गर्नुपर्दछ । तत्काल ति कार्यालयहरूमा जान सकिएन भने पनि नेपालमा भएका सहयोगी संस्थाहरू र सूचना केन्द्रमा पनि सम्पर्क गर्न सकिन्छ । त्यसैले नेपाली दुतावास तथा सहयोगी संस्थाहरूको ठेगाना र टेलिफोन नम्बर साथमा राख्नुपर्दछ ।
- राम्रो काम तथा तलवको लोभ देखाई खराव नियत भएका साथीभाईहरूले भाग्नको लागि उक्साउन सक्दछन् । धेरै नेपाली दाजुभाईहरू यस्तो उक्साहटमा परि भागेर पछि ठुलो कानुनी तथा आर्थिक समस्यामा परेका धेरै घटनाहरू छन् ।
- कम्पनी वा मालिकले राहदानी राखेको बखत यसको म्याद सकिन सक्छ । यस्तो बेलामा राहदानीको म्याद थप्ने बेला भएको जानकारी गराउनु पर्दछ ।
- कम्पनी वा मालिकसँग गरेको कन्ट्रयाक्ट अवधि र भिषाको समय ख्याल गर्नु पर्दछ । त्यसको म्याद समाप्त भएपछि स्वदेश फर्कनु पर्दछ वा रिन्यु (नविकरण) गर्नु पर्दछ ।

# विदेशमा रहेका नेपाली दूतावासको सम्पर्क ठेगानाहरू

## Embassy of Nepal, Malaysia

**Phone no.:** +03-20201898, +03-20201899
**Fax no.:** +03-20201894
**Email:** eonkualalumpur@mofa.gov.np
**Website:** www.nepalembassy.com.my
**Address:** Wisma Paradise (Level 1, 3 and 9), No. 63 JalanAmpang, 50450 Kuala Lumpur, Malaysia
**Working Days:** Monday to Friday
**Hours:** 9:00 am to 5:00 pm (1-2 pm Lunch Break)
**Document Submission:** 9:30 am to 12:30 pm
**Document Collection:** 2:30 pm to 4:30 pm

## Embassy of Nepal, Qatar

**Phone no.:** +974-44675681, +974-44675683
**Fax no.:** +974-4675680
**Email:** nembdoha@gmail.com / eondoha@mofa.gov.np
**Website:** www.nembdoha.com / www.nepalembassyqatar.gov.np
**Address:** Zone Number-56, Rawdat Umm Al-Theyab Street, Street Number-681, Abu Harmour Area, (Ain Khaled), Doha, Qatar, P.O. Box: 23002
**(Direction for the location:** 500 Metres back/south-west of the Mesaimeer Health Centre, Abu Hamour Area)
**Working Days:** Sunday to Thursday
**Hours:** 8 am to 2 pm

## Embassy of Nepal, Kuwait

**Phone no.:** +965-253-21603, +965-253-21604, +965-253-21605
**Fax no.:** +965-253-21601, +965-253-21628
**Email:** kuwait@mofa.gov.np
**Website:** www.nepalembassykuwait.gov.np
**Address:** Block-8, Street No. 13, House No. 514, Jabriya, Kuwait City, Kuwait
**Working Days:** Sunday to Thursday
**Hours:** 9 am to 1 pm

## Embassy of Nepal, UAE

**Phone no.:** +971-26344767
**Fax no.:** +971-26344469
**Email:** info@nepalembassyuae.org / eonabudhabi@mofa.gov.np
**Website:** www.nepalembassyuae.org / www.nepalembassyuae.gov.np
**Address:** P. O. Box: 38282, Sector W 15-2, Villa No. 13/1, Plot No. 40, Al Karama Street, Al Karama Area, (Opposite Mos'ab Bin Omier Mosque & close to bus parking yard)
**Working Days:** Monday to Thursday
**Hours:** 9:30 am To 1:30 pm

## Embassy of Nepal, Saudi Arabia

**Phone no.:** +966-11-611108 / 4645170,
**Fax no.:** +966-11-4640690/ 4651823
**Email:** info@neksa.org / eonriyadh@mofa.gov.np
**Website:** www.neksa.org / www.nepalembassysaudiarabia.gov.np
**Address:** Al Urubah Street (Near Sulymanieh Hotel, Al-Jouf Road), Riyadh 11693, Kingdom of Saudi Arabia, Post Box No. 94384
**Working Days:** Sunday to Thursday
**Hours:** 8.00 am -2:00 pm

## Embassy of Nepal, Oman

**Phone no.:** +968-2469 6177
**Fax no.:** +968-2469 6772
**Email:** eonmuscat@gmail/ eonmuscat@mofa.gov.np
**Website:** www.nepalembassyoman.gov.np
**Address:** Shatti Al-Qurum, Villa 2563, Way 2834, Muscat, Oman
**Working Days:** Sunday to Thursday
**Hours:** 8:30 am to 3:30 pm

## Embassy of Nepal, Bahrain

**Phone no.:** +973 17725583
**Fax no.:** +973 17720787
**Email:** eonbahrain@mofa.gov.np
**Website:** www.eonbahrain.org/ www.nepalembassybahrain.gov.np
**Address:** P.O.Box 75933, Villa 2397, Road 2437, Area 324, Juffair, Manama, Kingdom of Bahrain
**Working Days:** Sunday to Thursday
**Hours:** 9 am to 1 pm

## वैदेशिक रोजगार सम्बन्धी थाहा पाउनैपर्ने कानूनी कुराहरु :

- विदेशमा पुगेपछि मेडिकल जाँच गर्दा फेल भई नेपाल फर्किनु परेमा नेपाल आएको ३५ दिनभित्र क्षतिपूर्तिको लागि बैदेशिक रोजगार विभागमा उजुरी गर्नुपर्छ । त्यसका लागि विदेशमा गरेको मेडिकलको रिपोर्ट सहित आफु विदेश जाँदाका सम्पूर्ण कागजपत्रहरू आफुसंग सुरक्षित राख्नु पर्छ ।

- विदेशमा दुर्घटनामा परी वा कुनै बिरामी परी उपचार गराउँदा डाक्टरको पुर्जी, औषधि किनेको बिल र उपचारसंग सम्वन्धित अरू कागजपत्रहरू सुरक्षित साथ राख्नुपर्छ । यसले नेपाल फर्केपछि वैदेशिक रोजगार कल्याणकारी कोष र बीमा कम्पनीबाट आर्थिक सहायता लिन सजिलो हुन्छ । यस्तो सहयोगको लागि नेपाल आएको १ वर्ष भित्र निवेदन दिइ सक्नुपर्छ ।

- श्रम स्वीकृतिको अवधि भित्र विदेशमा रहँदा दुर्घटनामा परेमा वा मृत्यु भएमा बीमा र वैदेशिक रोजगार कल्याणकारी कोषबाट आर्थिक सहायता प्राप्त गर्न सकिन्छ ।

- नेपालमा हुँदा गरेको कन्ट्र्याक्ट भन्दा विदेशमा काम, तलब र कम्पनी फरक पर्‍यो भने त्यस्तो अवस्थामा नेपाल आएको १ वर्ष भित्रै उजुरी गर्नुपर्छ । त्यसका लागि आफुसंग भएका सम्पूर्ण कागजपत्रहरू सुरक्षित राख्नुपर्छ ।

**विस्तृत जानकारीका लागि**
नेपाल सरकार
परराष्ट्र मन्त्रालय, राहदानी विभाग
**वैदेशिक रोजगार सूचना केन्द्र**
नारायणहिटी, काठमाडौं, फोन नं.: ९८०१०८४७८०